सैनामैना नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही ।

लुम्बिनी प्रदेश, नेपाल

आन्तरिक श्रोत उठाउने सम्वन्धी

दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।०३।०१**

सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा ८ बमोजिम देहायका साप्ताहिक हाटवजारहरुको बहाल बिटौरी शुल्क उठाउन ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आर्थिक वर्ष २०७८।०७९ को २०७८।०४।०१ देखि २०७९ असार मसान्तसम्मका लागि सातौं नगरसभाबाट स्वीकृत दररेटमा हाटबजार बहाल बिटौरी शुल्क (आन्तरिक आय उठाउन) ठेक्का बोल कवोल गर्न तपसिलका शर्तको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति,फर्म वा संस्थाका लागि यो सूचना आव्हान गरिन्छ ।

ठेक्काको विवरण :

ठेक्काको नाम : हाटबजार बहाल बिटौरी (बैठकी)

| आय ठेक्का नं. | साप्ताहिक हाटवजारको नाम | न्यूनतम कवोल अंक (भ्याट बाहेक) | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|
| ९/२०७७/०७८ | मुर्गिया सोमवार साप्ताहिक हाटवजार सैनामैना न.पा.-३ | ८,७३,१२४ | १००० फिर्ता नहुने |
| १०/२०७७/०७८ | मुर्गिया बिहिवार साप्ताहिक हाटबजार सैनामैना न.पा.-३ | ४,३६,५६२ | १००० फिर्ता नहुने |
| ११/२०७७/०७८ | शान्ति टोल शुक्रवार साप्ताहिक हाटबजार सैनामैना न.पा.-८ | ८,९४,११७ | १००० फिर्ता नहुने |

**ठेक्काका शर्तहरु :**

१. ठेक्का अवधि २०७८ साल श्रावण १ गते देखि २०७९ साल असार मसान्त सम्म रहनेछ ।

२. ठेक्का अवधिको न्यूनतम कवोल अंक मुल्य अभिवृद्धिकर बाहेक मुर्गिया सोमवार साप्ताहिक हाटवजारको रु. ८,७३,१२४ ( आठ लाख तिहत्तर हजार एक सय चौबिसम्), मुर्गिया बिहिवार साप्ताहिक हाटबजारको रु. ४,३६,५६२ (चार लाख छत्तिस हजार पाँच सय बैसट्ठी) र शान्ति टोल शुक्रवार साप्ताहिक हाटबजारको रु. ८,९४,११७ (आठ लाख चौरानब्बे हजार एक सय सत्र) मात्र रहनेछ ।

३. ठेक्का अवधिमा कोभिड-१९ का कारणले साप्ताहिक हाटजार सञ्चालन हुन नसकेको खण्डमा उक्त अवधिको पुरै रकम दामासाहीका हिसावले छुट हुनेछ ।

४. माथि उल्लेखित प्रत्येक बजारको लागि छुट्टा-छुट्टै दरभाउ पत्र पेश गर्नु पर्नेछ ।

५. ठेक्काको दरभाउपत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा कृषि विकास बैंक, पर्रोहा शाखामा यस कार्यालयको हि.नं. ०४१४२०१६५९९१५०११ (ग-१-१) मा जम्मा गरेको बैंक भौचर, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहितको

टेकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत

निवेदन पेश गरी यस कार्यालयवाट खरिद गर्न सकिनेछ । साथै एउटा फर्म वा व्यक्तिले खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिले पेश गर्न पाइने छैन ।

६. माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३% (प्रतिशत) राजश्व ठेक्का लिने व्यक्ति,फर्म र संस्थाले सम्वन्धीत आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

७. ठेक्काको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० बजे दरभाउ पत्र खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्न, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. दरभाउपत्र दिदा आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा कृषि विकास बैंक पर्सोहा शाखामा रहेको धरौटी खाता हि.नं. ०४१४२०११४९२४४०१५ (ग-३) मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्नेछ साथै ठेक्का स्वीकृत भएको व्यक्ति, फर्म र संस्थाले संपूर्ण किस्ता रकम चुक्ता गरेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

१०. दरभाउपत्र दाताले खाम बाहिर पट्टी ठेक्का नम्वर र ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

११. कवोल रकम अंक र अक्षरमा स्पष्ट गरि लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ

१२. दरभाउपत्र दर्ता गराई सकेपछि संशोधन गर्न पाइने छैन ।

१३. एउटा व्यक्ति, फर्म वा संस्थाको नामवाट माथि उल्लेखित प्रत्येक हाटबजारको नामबाट एउटा मात्र दरभाउपत्र खरिद गर्न सकिनेछ ।

१४. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सकिनेछ ।

१५. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कवोल अंकको ४० प्रतिशतले हुन आउने रकम बैंक दाखिला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी रकम ६० प्रतिशत रकम बरावरको ठेक्का सम्झौता अवधिसम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सकेपछि मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता बाँकी रकमको ४० प्रतिशत २०७८ फाल्गुण मसान्तसम्मा र तेस्रो वा अन्तिम किस्ता वापतको २० प्रतिशत रकम २०७९ बैशाख मसान्तसम्ममा जम्मा गरि सक्नु पर्नेछ र सम्झौता गर्नुभन्दा पूर्व अग्रिम एकमुष्ट नगद रकम बुझाएमा १० (दश) प्रतिशत छुट दिइनेछ ।

१६. उल्लेखित हाटबजारबाट निस्किएको फोहारमैलाको व्यवस्थापन स्वीकृत दरभाउपत्रदाताले स्वयंले गर्नु पर्नेछ ।

१७. ठेक्कामा कुनै विवाद आएमा सैनामैना नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१८. ठेक्का कवोल गर्ने ठेकेदारले सैनामैना नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफनो तर्फबाट छपाई गरि रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियामानुसार कारवाही हुनेछ ।

१९. ठेक्का सम्वन्धी बहाल बिटौरी शुल्कको दररेट तथा ठेक्का सम्वन्धी विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ र अन्य विषयमा प्रचलित ऐन, नियम तथा दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत